श्री

विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री रितेन्द्र थापा

सदस्य माननीय श्री विदुर कोइराला

संक्षिप्त फैसला

मुद्दा नं.०८०-CR-०१४१

नेपाल सरकार ---------------------------------------------------------------------वादी

विरुद्ध

दिगम्बर झा समेत-------------------------------------------------------------प्रतिवादी

मुद्दाः भ्रष्टाचार (गैरकानुनी लाभ)

१. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट तथा प्रतिवादीहरूको तर्फबाट निम्न बमोजिमको कानून व्यावसायीहरूले प्रस्तुत गर्नु भएको तर्कपूर्ण वहस सुनियो।

निम्नः

| सि.नं. | पक्षको नाम | विद्वान् कानून व्यवसायी |
|---|---|---|
| १. | वादी नेपाल सरकार | १) सह-न्यायाधिवक्ता श्री मोहनसागर बस्याल<br>२) सह-न्यायाधिवक्ता श्री उमाकान्त पौडेल<br>३) सह-न्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुषाल<br>४) उप-न्यायाधिवक्ता श्री शिवप्रसाद आचार्य<br>५) सहायक न्यायाधिवक्ता श्री विमल पन्थी<br>६) सहायक न्यायाधिवक्ता श्री पूजा पन्थी |
| २. | प्रतिवादी दिगम्वर झा | १) वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठ<br>२) वरिष्ठ अधिवक्ता श्री मेघराज पोखेल<br>३) अधिवक्ता श्री बाबुराम दहाल<br>४) अधिवक्ता श्री इश्वरप्रसाद अधिकारी<br>५) अधिवक्ता श्री शास्वत कँडेल |
| ३. | प्रतिवादी पुरुषोत्तमप्रसाद खनाल | १) वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा<br>२) वरिष्ठ अधिवक्ता श्री महेश थापा<br>३) अधिवक्ता श्री चुडामणि पौडेल<br>४) अधिवक्ता श्री टिकाबहादुर कुँवर |



CamScanner

| | | |
|---|---|---|
| ४. | प्रतिवादी आनन्दराज खनाल | १) वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने<br>२) वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइराला |
| ५. | प्रतिवादी दिपेश आचार्य | १) वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने<br>२) वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे<br>३) अधिवक्ता श्री बाबुराम अर्याल<br>४) अधिवक्ता श्री प्रदिपकुमार पोखेल |
| ६. | प्रतिवादी सुरेन्द्रलाल हाडा | १) वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने<br>२) वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे<br>३) अधिवक्ता श्री बाबुराम अर्याल<br>४) अधिवक्ता श्री प्रदिपकुमार पोखेल |
| ७. | प्रतिवादी मिनप्रसाद अर्याल | १) वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइराला<br>२) अधिवक्ता डा. श्री राजेन्द्र घिमिरे<br>३) अधिवक्ता श्री खडानन्द कँडेल |
| ८. | प्रतिवादी अच्युतानन्द मिश्र | १) अधिवक्ता श्री सुवास आचार्य<br>२) अधिवक्ता श्री राष्ट्र विमोचन तिमल्सेना<br>३) अधिवक्ता श्री यज्ञ खतिवडा<br>४) अधिवक्ता श्री अशङ्कन बहादुर मल्ल |
| ९. | प्रतिवादी रेवतीराम पन्थ | १) वरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने<br>२) वरिष्ठ अधिवक्ता श्री ललितबहादुर बस्नेत<br>३) अधिवक्ता श्री बाबुराम अर्याल |
| १०. | प्रतिवादी संदिप अधिकारी | १) अधिवक्ता श्री सुवास आचार्य<br>२) अधिवक्ता श्री यज्ञ खतिवडा |
| ११. | प्रतिवादी विनोदचन्द्र श्रेष्ठ | १) वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइराला<br>२) अधिवक्ता डा. श्री राजेन्द्र घिमिरे<br>३) अधिवक्ता श्री खडानन्द कँडेल<br>४) अधिवक्ता श्री दिवस बस्याल |
| १२. | प्रतिवादी सूर्यप्रसाद लामिछाने | १) अधिवक्ता श्री सुवास आचार्य<br>२) अधिवक्ता श्री यज्ञ खतिवडा |
| १३. | प्रतिवादी प्रतिक्षा पौडेल | १) वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल<br>२) अधिवक्ता श्री सेमन्त दाहाल<br>३) अधिवक्ता श्री प्रविण सुबेदी<br>४) अधिवक्ता श्री रितेश पौड्याल<br>५) अधिवक्ता श्री परितोष घिमिरे<br>६) अधिवक्ता श्री रोशन नेपाल |



CamScanner

| | | |
|---|---|---|
| १४. | प्रतिवादी विजयकुमार राय यादव | १) अधिवक्ता श्री सुवास आचार्य<br>२) अधिवक्ता श्री यज्ञ खतिवडा |
| १५. | निराजन कोइराला | १) अधिवक्ता श्री नविन के.सी |
| १६. | प्रतिवादी कविन्द्रराज मल्ल | १) वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल<br>२) अधिवक्ता श्री अपूर्व खतिवडा |
| १७. | प्रतिवादी Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan | |
| १८. | प्रतिवादी Anuj Singh भन्ने Anuj Singh X | |
| १९. | प्रतिवादी Jameel Ahmed | |
| २०. | प्रतिवादी Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi Mohamed | |
| २१. | प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) र प्रतिवादी **Nuemera (M) Sdn.Bhd., Malaysia** | १) वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य<br>२) अधिवक्ता श्री इला शर्मा<br>३) अधिवक्ता श्री मनिषकुमार कार्की<br>४) अधिवक्ता श्री राजु शाक्य<br>५) अधिवक्ता श्री विवेककुमार ठाकुर<br>६) अधिवक्ता श्री प्रभाष निरौला<br>७) अधिवक्ता श्री राजमोहन सिंह<br>८) अधिवक्ता श्री सरोज कार्की |

२. प्रस्तुत मुद्दाको आरोपदावीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदावी गरेको देखिन्छः

क. सार्वजनिक खरिद कानूनअनुसार, योजनाको समग्र पक्षको विस्तृत अध्ययन नगरी तथा आवश्यक वार्षिक योजना र गुरु योजना तयार नगरी खरिद प्रक्रिया अघि बढाइएको।

ख. MDMS खरिदको क्रममा पुष्ट्याइँको आधार बिना अस्वाभाविक बढी काम र बढी लागत देखाइएको।

ग. निर्माणस्थलको सुनिश्चितता नभई परामर्श सेवा खरिद कार्य अगाडि बढाएको।

घ. लागत अनुमान र बोलपत्र (Bidding Document) स्वीकृत नगरी नगराई EOI जारी गरेको।

ङ. मनासिब कारण विना लागत ईष्टिमेट अस्वाभाविक रूपमा बढाई संशोधन गरी गराई, आवश्यक पर्नेभन्दा अस्वाभाविक रूपमा बढी सामान खरिद गरी गराई तथा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य भएको।

च. NTA का पदाधिकारीहरूले कानूनी प्रक्रिया र पारदर्शिता बिना सम्झौता अगाडि बढाई ठेक्का दिनु अघि स्वतन्त्र मूल्याङ्कन तथा उचित प्रतिस्पर्धा नगराएको।

छ. गलत लिखत तयार गर्ने गराउने कार्य गरेको र सरकारी सार्वजनिक कागजातहरू लुकाउने र नष्ट गर्ने गराउने कार्य गरिएको।

ज. आर्थिक प्रस्ताव मूल्यांकनको निर्णय नहुँदै सावर्जनिक खरिद ऐन, २०६३ विपरित Conflict of interest सम्बन्धी उजुरी दिई लिई आचरण उल्लंघन गरेको।

झ. RFP संशोधन गरेको र प्राविधिक मूल्याङ्कन भई पेस भएको प्रतिवेदन भन्दा फरक उपकरणको Model No. प्रस्ताव गरेकोमा कानून विपरित वार्ताद्वारा प्राधिकरणले हुबहु ग्रहण गरी गुणस्तरहीन सामग्री खरिद भएको।

ञ. बदनियत राखी सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था विपरित खरिद कार्य भएको।

ट. सम्झौतापछि MDMS प्रणाली कार्यान्वयनमा समस्या देखापरेकोमा परामर्श सेवा प्रदायक कम्पनीहरूले सही रूपमा सेवा उपलब्ध नगराएको, पारदर्शिता नअपनाएको र कार्यसम्पादन कमजोर भएको।

ठ. यसरी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता र मिलेमतोमा बद्नियत राखी नेपाल सरकार तथा सार्वजनिक संस्था नेपाल दूरसञ्चार प्राधिकरण (NTA)लाई प्रत्यक्ष रुपमा गैरकानुनी हानि नोक्सानी पुऱ्याउने र प्रतिवादीहरूले आफूहरूलाई गैरकानुनी लाभ पुऱ्याउने कार्य गरे/गराएको हुँदा प्रतिवादीहरू विरुद्ध निम्न बमोजिमको कसूरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो (रु.मा) |
|---|---|---|---|---|
| १. | दिगम्बर झा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम र दफा २४ बमोजिम थप सजाय | रु.९१,९८,३०,८८२।३२ बिगो कायम भएकोमा खर्च भएको बिगो रकम रु.२३,२०,५९,३१४।९४ |
| २. | पुरुषोतमप्रसाद खनाल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, / ऐ. को दफा ९ र दफा १२ बमोजिमको कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम, दफा ९ र दफा १२ बमोजिम सजाय र दफा २४ बमोजिम थप सजाय | ऐ.ऐ |
| ३. | आनन्दराज खनाल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम सजाय | ऐ.ऐ |
| ४. | मिनप्रसाद अर्याल | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| ५. | विनोदचन्द्र श्रेष्ठ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम र | ऐ.ऐ |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | (क), (घ), (च) र (ञ) बमोजिम कसुर, ऐ. को दफा ९ बमोजिमको कसुर, | दफा ९ बमोजिम सजाय | |
| ६. | दिपेश आचार्य | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| ७. | सुरेन्द्रलाल हाडा | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| ८. | रेवतीराम पन्थ | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| ९. | संदिप अधिकारी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, ऐ. को दफा १२ बमोजिमको कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम र दफा १२ बमोजिम सजाय | ऐ.ऐ |
| १०. | सूर्यप्रसाद लामिछाने | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| ११. | अच्युतानन्द मिश्र | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, ऐ. को दफा ९ र दफा १२ बमोजिमको कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम, दफा ९ र दफा १२ बमोजिम सजाय | ऐ.ऐ |
| १२. | विजयकुमार राय यादव | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| १३. | प्रतिक्षा पौडेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च) र (ञ) बमोजिम कसुर, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम सजाय | ऐ.ऐ |
| १४. | निराजन कोइराला | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| १५. | Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को प्रावधान बमोजिम दफा ८ को उपदफा (१) को देहाय (क), (घ) (च) र (ञ) को मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिमको सजायलाई आधारमानी दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह | ऐ.ऐ |
| १६. | Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | Mohamed | | | |
| १७. | Anuj Singh भन्ने Anuj Singh X | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| १८. | Jameel Ahmed | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| १९. | कबिन्द्रराज मल्ल | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| २०. | Nuemera (M) Sdn.Bhd., Malaysia | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |
| २१. | प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ |

३. उपर्युक्त आरोपदावी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्न पर्ने देखिन आयो:

क. सार्वजनिक खरिद कानूनअनुसार, योजनाको समग्र पक्षको विस्तृत अध्ययन नगरी तथा आवश्यक वार्षिक योजना र गुरु योजना तयार नगरी खरिद प्रक्रिया अघि बढाइएको छ कि छैन?

ख. **Mobile Device Management System** खरिदको क्रममा उक्त खरिद कार्य गर्दा पुष्ट्याइँको आधार बिना अस्वाभाविक बढी काम र बढी लागत देखाईएको अवस्था छ छैन?

ग. **EOI** जारी गर्दा **JV Partner** को योग्यता परिक्षण गरे, नगरेको के हो?

घ. मनासिब कारण बिना लागत ईष्टिमेट अस्वाभाविक रूपमा बढाई संशोधन गरी गराई, आवश्यक पर्नेभन्दा अस्वाभाविक रूपमा बढी सामान खरिद गरी गराई तथा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य भएको छ वा छैन ?

ङ. आर्थिक प्रस्ताव मूल्यांकनको निर्णय नहुँदै सावर्जनिक खरिद ऐन, २०६३ विपरित उजुरी दिए लिएको छ छैन?

च. आरोपित कसूरजन्य कार्य भएको हो होइन?

छ. यदि कसूर भएको हो भने सो कसूरमा को कसको के कस्तो संलग्नता रहेको छ?

ज. कसूर ठहर भएका प्रतिवादीहरूलाई के कति सजाय हुनु पर्दछ?

४. अब माथि उल्लिखित प्रश्नहरूको सम्बन्धमा समग्र रुपमा निर्णयतर्फ विचारगर्दा, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले कुनै पनि खरिद प्रक्रियाअघि सम्भाव्यता अध्ययन, योजना निर्माण र वार्षिक खरिद योजना बनाउनु अनिवार्य गरेको छ। यसले सरकारी खरिदलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउँछ। सम्भाव्यता अध्ययनले कुनै योजना व्यवहारिक छ वा छैन भन्ने स्पष्ट पार्छ, जसले हचुवा निर्णय र स्रोतको दुरुपयोग रोक्छ। अग्रिम योजना निर्माणले बजेट व्यवस्थापन, समयअनुसार खरिद प्रक्रिया र स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्छ। कानूनी प्रक्रियाको सही रुपमा अवलम्बन गर्नाले पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता बढाउँदै अनियमितताको जोखिम पनि घटाउँछ। यदि तोकिएका कानूनी प्रावधानको अवलम्बन गरिएन भने खरिद प्रक्रियाको निष्पक्षता प्रभावित हुन्छ, लागत बढ्छ, समयमाथि असर पर्छ र सार्वजनिक सेवाको गुणस्तर खस्किन्छ। त्यसैले, विधिपूर्वक अगाडि बढ्नु जनविश्वास बढाउने र समृद्धिको मार्ग सुरक्षित

गर्ने आधार हो। प्रस्तुत मुद्दामा प्रारम्भ देखि नै नेपाल दूर सञ्चार प्राधिकरण खरिद कार्यको संभाव्यता अध्ययन र गुरु योजना निर्माण गर्नमा चुकेको देखिन्छ।

५. जनशक्तिको लागतका सम्बन्धमा हेर्दा आयोगका दूरसञ्चार तथा प्रविधि विज्ञले Customized MDMS सफ्टवेयर निर्माणका लागि मुख्य जनशक्तिको लागत अनुमानित USD ४,०३,४४८.५७ हुने उल्लेख गरी प्रतिवेदन दिएको देखिन्छ। तर प्राधिकरणको स्वीकृत लागत अनुमान अनुसार Operation Support Phase अन्तर्गत International Application Support Expert को लागि USD १३,००० प्रति महिना लागत कायम गरिएको छ। यसलाई आधार मान्दा, Terms of Reference (ToR) मा उल्लिखित १३ जना (International ६ जना र National ७ जना) मुख्य जनशक्तिको ६ महिनाको अधिकतम लागत USD १३,००० × १३ × ६ = USD १०,१४,००० हुन आउँछ। उक्त लागत अनुमान के कुन आधारमा निर्धारण गरिएको हो भन्ने कुनै बस्तुगत प्रमाण नहुँदा सो लागतलाई स्वाभाविक भन्न सकिने अवस्था देखिँदैन।

६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार लागत अनुमान पारदर्शी रूपमा तयार गरिनुपर्ने भए पनि पुष्ट्याइँको आधार बिना अस्वाभाविक रूपमा बढी लागत देखाइएको भन्ने आरोप दाबी रहेको छ। साथै, आवश्यक नभएको EIR Solution को लागत USD १,२५,००,००० कायम गरिएको देखिन्छ। यसरी, अनावश्यक शीर्षकहरू समावेश गरिएको र सोको लागत तयार गर्दा के कुन मापदण्डलाई आधार बनाइएको हो कतैबाट खुल्न आएको देखिँदैन।

७. कोभिड-१९ का कारण Hardware Shipment मा ढिलाइ, परामर्शदाताका विशेषज्ञहरू नेपाल आउन नसक्नु तथा आवश्यक पूर्वाधार निर्माण समयमै सम्पन्न हुन नसक्दा परियोजना तोकिएको समयमा सम्पन्न हुन नसकेको भन्ने प्रतिवादी पक्षको जिकिर भए पनि मिति २०८०।९।१७ सम्म तालीम लगायतको खर्च भुक्तानी भएको देखिएको, सो भौतिक रुपमा अन्तर्राष्ट्रिय तालिम गर्ने भनी तदनरुप तालिमको लागत अनुमान स्वीकृत गराई कर्मचारीहरूलाई अनलाइनबाट तालिम प्रदान गरेको देखिँदा तालिम बापत लागत अनुमान समेत यथार्थपरक नभई हचुवाको आधारमा स्वीकृत गरेको देखियो।

८. Laurasia Associates, UK बाट नमूनाको रूपमा प्राप्त भएको लागत अनुमान जस्ताको त्यस्तै स्वीकृत गरिएको भनिएकोमा RFP मा समावेश हुने Terms of Reference (ToR) मा उल्लिखित प्रावधानहरू भने परिवर्तन भएको देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरणले स्वीकृत गरेको लागत अनुमान बमोजिम नै RFP तयार गर्नुपर्नेमा सो बमोजिम नगरी (क) Support maintenance and Operation, (ख) Solution for Operator Level EIR, (ग) Space rental, (घ) जनशक्ति लगायतको मूल विषयहरूमा भिन्नता रहने गरी RFP जारी गरेको देखिएको छ।

९. नेपाल दूरसञ्चार प्राधिकरणले Mobile Device Management System (MDMS) को परामर्श सेवा खरिदका लागि लागत अनुमान तथा बोलपत्र स्वीकृत गर्नुअघि नै मिति २०७५।०१।२८ मा Expression of Interest (EOI) जारी गरेको देखिन्छ। त्यसरी EOI जारी गर्दा परामर्शदाता कम्पनीको सबै JV partner को योग्यताको विषयमा कानून बमोजिम मूल्याङ्कन गर्नुपर्ने योग्यताहरू मूल्याङ्कन नगरी Lead Partner को योग्यतालाई मात्र आधार मानी EOI स्वीकृत गरेको देखिन्छ।

१०. नेपाल दूरसञ्चार प्राधिकरणले लागत अनुमान मनासिब कारणबिना अस्वाभाविक रूपमा बढाएर संशोधन गरेको, अत्यधिक मात्रामा सामान खरिद गरी बढी मूल्य तिरी सम्झौता गर्ने कार्य भएको भनी आरोप दाबी लिइएको देखिन्छ। खरिद ऐन विपरीत हुने गरी वार्ता गर्न नमिल्नेमा वार्ता गरी ToR तथा आर्थिक प्रस्तावको रकम परिवर्तन गरिएको भन्ने समेत सो आरोप दाबीमा उल्लेख छ। त्यसतर्फ हेर्दा विशेष गरी, Nuemera (M) Sdn. Bhd. को Reimbursable Amount USD १,९०,११० बाट USD ४,३३,००० मा बढाइएको, आर्थिक प्रस्ताव सस्तो देखाउने गरी सम्झौतामा कृत्रिम छुट दिइएको र प्राविधिक मूल्याङ्कनभन्दा फरक उपकरण प्रस्तावलाई स्वीकृत गरिएको देखिएता पनि EOI मा छनौट भई मूल्याङ्कन समितिले पहिलो नम्बरमा सिफारिस गरिएको Mobillon Trade International Pvt. Ltd., Nepal, Infra Data N.V. Belgium and Green IT Solutions Pvt. Ltd., Nepal (JV) ले प्रस्ताव गरेको मूल्यभन्दा कम मूल्य हुने गरी **Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** को कबुल अंकलाई वार्ताको माध्यमबाट घटाई प्रकारान्तरले Mobillon Trade International Pvt. Ltd., Nepal, Infra Data N.V. Belgium and Green IT Solutions Pvt. Ltd., Nepal (JV) भन्दा कम मूल्यमा Nuemera Sdn Bhd (JV) ले खरिद कार्य बमोजिमको परामर्श सेवा समेत आपुर्ति गर्ने जस्तो परिस्थिति सिर्जना गरेको देखिन्छ।

११. Nuemera Sdn Bhd (JV) को आर्थिक प्रस्तावमा Fin-१ र Fin-२ को मूल्य फरक देखिए पनि सोलाई स्वीकृति दिई गैर-उत्तरदायी (Non-Responsive) प्रस्तावलाई योग्य ठहराइएको भन्ने आरोप दाबी रहेको छ। Fin-१ सँग नमिल्ने प्रस्ताव Fin-२ मा राखी पेश भएको **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)**को आर्थिक प्रस्ताव Non-Responsive घोषणा गर्नु पर्नेमा त्यसतर्फ अनदेखा गरी मूल्यांकन र स्वीकृत गरिएको पाइन्छ। यसबाट **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** लाई नै कायम गर्ने बदनियत् राखेको देखिन्छ।

१२. प्राधिकरणले सार्वजनिक खरिद ऐन, २०६३ विपरीत Conflict of Interest सम्बन्धी उजुरी लिएको र सोको निर्णयमा अनियमितता गरेको भनी नेपाल सरकारबाट दाबी लिएको देखिन्छ। सो दाबी तर्फ हेर्दा आर्थिक प्रस्ताव मूल्यांकनपछि पहिलो स्थानमा रहेका परामर्शदातालाई Letter of Intent दिनुअघि नै दोस्रो स्थानका **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** ले प्रतिस्पर्धी Mobillon Trade International Pvt. Ltd., Nepal, Infra Data N.V. Belgium and Green IT Solutions Pvt. Ltd., Nepal (JV)लाई Conflicting Interest रहेको भनी २०७६।०१।१० मा उजुरी दिएको तर, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(छ) विपरित हुने गरी प्रस्ताव स्वीकतिको सूचना नदिँदै उजुरी ग्रहण गरी पहिलो बरियतामा रहेको प्रतिस्पर्धी कम्पनिलाई स्वार्थ बाझिएको आधारमा अयोग्य घोषित गरेको देखिन्छ।

१३. अतः माथि विवेचित तथ्य, प्रमाण एवम् आधार र कारणबाट नेपाल दुर सञ्चार प्राधिकरणको MDMS प्रणाली खरिद प्रकृया संभाव्यता अध्ययन नै नगरी बिना गुरु योजना हचुवाको भरमा अघि बढाएको कारणबाट अस्वाभाविक लागत अनुमान र मूल्य कायम गरी स्वीकृत गरेको तथा



CamScanner

कार्यान्वयनको चरणमा कानून विपरित निर्णयहरू गरी गराई बदनियतपूर्ण रुपमा सरकारलाई हानी र अरुलाई फाइदा पुऱ्याउने मनसायले संशोधन गरी प्रारम्भ देखि नै बदनियत र मिलेमतोमा काम कारवाही गरेको देखिन आयो। परियोजना शुरु गरेको लामो अवधिसम्म कार्य सम्पन्न नगरी बसेको कारणबाट राज्यको करोडौं रुपैयाँ खर्च भइ उपलब्धीविहिन अवस्थामा रहेबाट सरकारलाई हानी नोक्सानी भएको देखियो।

१४. अब कुन कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको भन्ने तर्फ बिचार गर्दा, प्रतिवादी दिगम्बर झाले परियोजना लागू गर्न गुरुयोजना तयार नपारी खरिद प्रक्रिया अघि बढाएको, 11 May 2018 मा NTA ले जारी गरेको EOI को D.I मा तोकिएको योग्यता "Incase of JV all partners combined must meet requirements" भनी उल्लेख भएकोमा सो विपरित बदनियत पूर्वक न्युमेरा JV मा आवद्ध अन्य कम्पनीको आर्थिक कारोबारको आयोग्यतालाई अनदेखा गरी सो JV लाई योग्य ठहराएको र EOI लाई स्वीकृत गरेको साथै अस्वाभाविक लागत स्टमेट तयार पारी लागत खर्च बढाएकोबाट कार्यान्वयन चरणमा सरकारलाई हानि र परामर्शदाता,कम्पनीलाई लाभ पुऱ्याउने गरी निर्णय गरेको देखियो।

१५. अर्का प्रतिवादी पुरुषोत्तमप्रसाद खनालको हकमा बिचार गर्दा, प्रतिवादी दिगम्बर झाले EOI स्वीकृत गर्दा **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** मा आवद्ध अन्य पार्टनरको योग्यतालाई अन्देखा गरी गरेको मूल्याङ्कनलाई इन्कार गरी कानून बमोजिमको खरिद प्रक्रिया पुनः प्रारम्भ गर्न सक्ने अवसर हुँदा हुँदै निजले समेत सो JV मा आवद्ध अन्य कम्पनीको अयोग्यतालाई अन्देखा गरी खरिद सम्बन्धी कारबाहीलाई अगाडी बढाएको देखियो। मूल्याङ्कन समितिले पहिलो बरियतामा सिफारिस गरेको कम्पनीलाई **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** ले दिएको उजुरी ग्रहण गरी स्वार्थ बाझिएको आधारमा बाहेक गरी कानूनत Non responsive ठहर गर्नु पर्ने कम्पनीलाई छनौट गरी वार्ता गर्ने निर्णय गरेको पाइयो। सोही सिलसिलामा प्रचलित कानून र RFP मा उल्लेख भएको समग्र लागतको अंकसँग मेल नखाने गरी परामर्शदाता **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** ले पेस गरेको Fin 1 को मूल्यसँग बेमेल हुने गरी Fin 2 मा मूल्य खण्डिकरण गर्दा देखाएको बढी मूल्य समेतका आधारमा सो **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** लाई अयोग्य (Non-Responsive) गर्न सक्ने देखिन्छ। सो अवस्था हुँदा हुँदै सो को बेवास्ता गरी वार्ताद्वारा सो कम्पनीले कबुल गरेको कुल रकममा घटाएको देखाई प्रकारान्तरले मूल्याङ्कन समितिले पहिलो नम्बरमा सिफारिस गरेको Mobillon Trade International Pvt. Ltd., Nepal, Infra Data N.V. Belgium and Green IT Solutions Pvt. Ltd., Nepal (JV) ले कबुल गरेको रकम भन्दा घटी पारी **Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV)** लाई नै छनौट गरी बदनियत राखी ठेक्का सम्झौता गर्न निर्णय गरेको देखिएको हुँदा अयोग्य कम्पनीलाई लाभ र नेपाल सरकारलाई हानि पुऱ्याएको देखियो।



CamScanner

१६. अतः माथि उल्लिखित आधार कारण समेतबाट प्रतिवादीहरू दिगम्बर झा र पुरुषोत्तमप्रसाद खनालले दुरसंचार प्राधिकरणको अध्यक्ष जस्तो जिम्मेवार पदमा रही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (घ) र (ञ) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो।

१७. अर्को प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) को हकमा विचार गर्दा, विवादित खरिद प्रक्रियामा कसुरदार ठहर भएका प्रतिवादीहरू दिगम्बर झा र पुरुषोत्तमप्रसाद खनालसंगको मिलेमतोमा Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) अन्तर्गत रहेका पार्टनर कम्पनीको अयोग्यता लुकाई ठेक्का प्राप्त गरेको तथा उल्लेख भए बमोजिमको हानि नोक्सानी पुऱ्याउने कार्यमा संलग्न रही लाभग्राहीको रुपमा नेपाल दुरसञ्चार प्राधिकरणबाट आरोपदावीको पृष्ठ १३६ मा उल्लेख भए अनुसार भुक्तानी भएको बिगो ने.रु.२३,२०,५९,३१४।९४ रकम प्राप्त गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (घ), र (ञ) बमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरदार भएको देखिन आयो।

१८. अर्को प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia को Group Chairman Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan (राहदानी नं. A54264587) को हकमा विचार गर्दा, निज प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) को lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia को Group Chairman पदमा कार्यरत रहेको देखिएको, उक्त JV को Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia लाई समेत छुट्टै प्रतिवादी कायम गरेको देखिएको र खरिद सम्झौता बमोजिम Lead Partner कम्पनीको भूमिका समेतलाई हेर्दा भूक्तानी भएको रकमको मुख्य लाभग्राही समेत सो Lead Partner कम्पनी समेत भएको देखिंदा सो कम्पनीको Group Chairman को हैसियतमा रहेका प्रतिवादी Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan समेतले मुलुकी अपराध संहिता, २०७४ को दफा ३० बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (घ) र (ञ) बमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुर गरेको पुष्टि हुन आयो।

१९. अब कसुरदार ठहर भएका प्रतिवादीहरूलाई के कति बिगो कायम गरी के कति सजाय गर्ने भन्ने तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले जरिवाना प्रयोजनको लागि रु.९१,९८,३०,८८२।३२ तथा बिगो असुली प्रयोजनको लागि ने.रु.२३,२०,५९,३१४।९४ को दावी लिएको भएता पनि आरोपपत्रको पृष्ठ १३६ मा भुक्तानी भएको बिगो ने.रु.२३,२०,५९,३१४।९४ उल्लेख भएको देखिंदा सोही खर्च भएको रकम बिगो कायम गर्नुपर्ने देखिन आयो। तसर्थ, कसुरदार ठहर भएका प्रतिवादीहरू दिगम्बर झा, पुरुषोत्तम प्रसाद खनाल, Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) र Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khanबाट कायम भएको बिगोका आधारमा दामासाहीले हुन आउने जनही बिगो

रु.५,८०,१४,८२८।७४ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम असुल गरी सोही बिगो बमोजिम जनही जरिबाना हुने र प्रतिवादीहरू दिगम्बर झा, पुरुषोत्तम प्रसाद खनाल र Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khanलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही १ वर्ष कैद हुने ठहर्छ। साथै, प्रतिवादीहरू दिगम्बर झा र पुरुषोत्तमप्रसाद खनाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम संस्थाको प्रमुख (अध्यक्ष) भएको हुँदा जनही १ महिना थप कैद हुने ठहर्छ। कसुरदार ठहर भएको Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) कानूनी व्यक्ति भएको र माथि बिगो तथा जरिबाना तोकिसकेको हुँदा कैदको सजाय तोकिरहन परेन। उक्त JV को Lead Partner **Nuemera (M) Sdn.Bhd., Malaysia** लाई छुट्टै प्रतिवादी बनाएको भएता पनि सो Lead Partner सहितको JV मा आवद्ध सबै कम्पनीहरुको हकमा कसुर ठहर भइसकेको हुँदा Lead Partner **Nuemera (M) Sdn.Bhd., Malaysia** को हकमा थप केही बोलिरहन परेन।

२०. प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा कार्यरत रही MDMS खरिद कार्यको वार्तामा संलग्न Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi Mohamed, प्रतिवादी Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा Chief Operating Officer पदमा कार्यरत Anuj Singh भन्ने Anuj Singh X, प्रतिवादी Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा Product Specialist Jameel Ahmed र प्रतिवादी Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) को पार्टनर कम्पनी Namaste Global Comm Pte. Ltd. Singapore को निर्देशक कबिन्द्रराज मल्लको हकमा विचार गर्दा निज प्रतिवादीहरूले पार्टनर कम्पनीको अख्तियारीपत्र दाखिल गरी प्रस्तुत मुद्दाको ठेक्का प्रक्रियामा सहभागी भएको देखिएको र व्यक्तिगत क्षमतामा कुनै कार्य गरेको देखिन नआएको, उक्त Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) लाई पृथक रुपमा प्रतिवादी कायम गरेकोमा सो JV कम्पनी उपर दायित्व ठहर भईसकेको समेतको आधार कारणबाट प्रस्तुत कसुरको फौजदारी दायित्व प्रतिवादीहरू Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi Mohamed, Anuj Singh भन्ने Anuj Singh X, Jameel Ahmed र कबिन्द्रराज मल्ल समेतलाई वहन गराउन मिल्ने नदेखिँदा निजहरूको हकमा आरोपदाबी पुग्न नसक्ने ठहर्छ।

२१. अन्य प्रतिवादीहरू आनन्दराज खनाल, दिपेश आचार्य, सुरेन्द्रलाल हाडा, मिनप्रसाद अर्याल, अच्युतानन्द मिश्र, रेवतीराम पन्थ, संदिप अधिकारी, विनोदचन्द्र श्रेष्ठ, सूर्यप्रसाद लामिछाने, प्रतिक्षा पौडेल, विजयकुमार राय यादव र निराजन कोइरालाको हकमा विचार गर्दा निज प्रतिवादीहरूले नेपाल दुरसञ्चार प्राधिकरणको पदीय सोपानमा रही आफूभन्दा माथिल्लो जिम्मेवार पदाधिकारीले निर्णय गरी तोकेबमोजिमको पदीय कर्तव्य पूरा गरेको देखिएको, निज प्रतिवादीहरूले व्यक्तिगत हैसियतमा कुनै निर्णय गरेको नदेखिएको, आ-आफूलाई तोकिएको संयन्त्र र समितिमा रही निजहरूले तथ्यको विश्लेषण गरी कानून बमोजिमको टिप्पणी उठाई राय र प्रतिवेदन दिएको सम्म देखिएको, खरिद प्रक्रियामा परामर्शदाता छनौट समेतमा निजहरूको निर्णायक भूमिका रहेको

नदेखिको समेत हुँदा निज प्रतिवादीहरूलाई प्रस्तुत वारदातमा कसुरदार कायम गर्न मिल्ने अवस्था देखिएन। तसर्थ प्रतिवादीहरू आनन्दराज खनाल, दिपेश आचार्य, सुरेन्द्रलाल हाडा, मिनप्रसाद अर्याल, अच्युतानन्द मिश्र, रेवतीराम पन्थ, संदिप अधिकारी, विनोदचन्द्र श्रेष्ठ, सूर्यप्रसाद लामिछाने, प्रतिक्षा पौडेल, विजयकुमार राय यादव र निराजन कोइरालाले आरोपदाबीबाट सफाई पाउने ठहर्छ। आरोपपत्रमा दाबी लिइएको अन्य कुरामा आरोपदाबी पुग्न नसक्ने ठहर्छ।

सदस्य | सदस्य | अध्यक्ष

इति सम्वत् २०८१ साल फागुन महिना २२ गते रोज ५ शुभम्.....................................।



CamScanner